**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १८ मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

१. पश्चिम बंगाल सरकारको मंत्रिमंडलले ७औं वेतन आयोग गठनका लागि सैद्धान्तिक स्वीकृति दिएको छ।मंत्रिमंडलको वैठकमा कैयन महत्वपूर्ण निर्नेय

२. राज्य सरकारले सरकारी नोकरीमा प्रवेशका लागि अधिकतम उमेर सीमा बढाएको छ।

३. गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन (GTA) ले आज एक आदेश जारी गर्दै विभिन्न कार्यालयहरूमा पुनः रोजगारी वा सेवा विस्तारमा रहेका सेवानिवृत्त कर्मचारीहरूको नियुक्ति तत्काल प्रभावले समाप्त गरेको छ।

४. राज्यको सीमाबर्ती क्षेत्रलाई सुदृढ र सुव्यवस्थित बनाउन आज दार्जीलिङ जिल्ला पुलिस अधिक्षक नेतृत्वमा सबै सरकारी निकाय, सेनाका अधिकारीहरुलाई लिएर एक समिक्षा बैठकको आयोजना गरियो।

५. कालेबुङमा भारतीय जनता पार्टी द्वारा विजय उत्सव सम्पन्न भएको छ। कालेबुंगलाई पूर्ण जिल्लाको रुपमा चाडै विकसित गरिने छ।

६. मौसम विभागले कूचबिहार, अलीपुरद्वार, जलपाईगुड़ी अनि दक्षिण दिनाजपुर जिलामा ऑरेंज अलर्ट जारी गरेको छ ।

## पश्चिम बंगाल - मन्त्रीमण्डल बैठक

पश्चिम बंगालमा भाजपा सरकारले आज महत्वपूर्ण मन्त्रीमण्डलको बैठक सम्पन्न गर्यो। मुख्यमन्त्री शुभेन्दु अधिकारीको अध्यक्षतामा सम्पन्न बैठकमा राज्यका सरकारी कर्मचारीहरूको पक्षमा ऐतिहासिक निर्णय लिँदै 7 औं वेतन आयोगलाई राज्यमा लागु गर्ने मंजुरी दिइयो। भाजपाले आफ्नो चुनावी घोषणापत्रमा राज्यका कर्मचारीहरूलाई 7 औं वेतन आयोगलाई लागु गरिने वाचा गरेको थियो। यस निर्णयले राज्यका कर्मचारीहरूको वेतन निकै बढ्नेछ।
अर्को महत्वपूर्ण निर्णय लिँदै धार्मिक आधारमा प्रदान गरिने भत्ताहरु अथवा योजनाहरूलाई तत्काल प्रभावले निलम्बन गरिएको छ। यसमा इमाम वा पुजारी भत्ता आदिलाई बन्द गरिएको छ। यसबाहेक राज्यका महिलाहरूका लागि दूरगामी निर्णयमा एक जूनदेखि प्रति महिना 3000/- रुपियाँ दिने तथा सबै महिलाहरूलाई राज्यको सरकारी बसहरूमा निःशुल्क यात्रा गर्ने प्रस्तावलाई मंजुरी दिइएको छ।
केन्द्र सरकारको आयुष्मान भारत योजनालाई राज्यमा लागु गर्ने मंजुरी पनि मन्त्रीमण्डलले दिएको छ। अर्को महत्वपूर्ण निर्णयमा IAS र IPS अधिकारीहरूलाई अब उसो केन्द्रीय प्रशिक्षण कार्यक्रममा सहभागीता गर्न सक्ने छ। अर्को महत्वपूर्ण निर्णयमा आज देखि राज्यमा भारतीय न्याय संहिता BNS लागु गरिएको छ।
यस उपरान्त राज्यमा TMC शासनकालमा मारिएका 321 भाजपा कार्यकर्ताहरूको परिवारको जिम्मेवारी राज्यले भाजपाले सरकारले उठाउने निर्णय गरेको छ। मन्त्रीमण्डलको बैठक पछि महिला तथा बाल विकास मन्त्री अग्निमित्रा पालले पत्रकार सम्मेलनमा बृस्तित रूपमा जानकारी दिनुभएको।

**बाइट**

बैठकमा मन्त्रीहरू दिलीप घोष, अग्निमित्रा पाल, अशोक कृतिनिया, सुकान्त मजुमदार र निशिथ प्रामाणिक उपस्थित थिए। यसैबीच मुख्यमन्त्री शुभेन्दु अधिकारीले अवैध अनिक्रमणहरूलाई हटाउने कार्य जारी रहने तथा यसको विरोधमा बंगाल बन्द गरेर ढुगा-मुडा गर्नेलाई विरुद्ध कडा कारबाही गरिने चेतावनी पनि दिनु भयो। आज आयोजित एक अर्को कार्यक्रममा माध्यमिक,

उच्च माध्यमिक, ICSE, CBSE, मदरसा बोर्ड आदिमा राम्रो अंकले सफल विद्यार्थीहरूलाई श्री शुभेन्दु अधिकारीले सम्मानना गर्नु भयो। उहाँले भन्नु भयो पार्षद, सांसद र विधायकहरूलाई जनताले जनताको सेवा गर्न निर्वाचित गरेको हो। सबैले सबै विधायक, सांसदहरूलाई अनुशासनमा रहँदै आफ्नो क्षेत्रको जनताको सेवा गर्नु पर्छ। अर्को घटनाक्रममा मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज देखि जनता दरबार सुरु गर्नु भएको छ। जनताको समस्या सुन्न र समाधान गर्न प्रत्येक सोमबारको दिन कोलकाताको सल्ट लेक स्थित उहाँको कार्यालयमा बिहान 9 बजेदेखि 30 मिनेट देखि 11 बजेसम्म उहाँले जनता दरबारमा जनसुनवाई गर्नु हुनेछ।

## पश्चिम बंगाल आयु सीमा

पश्चिम बंगालको शुभेन्दु अधिकारीको नेतृत्वमा रहेको भारतीय जनता पार्टी सरकारले सरकारी नोकरीमा प्रवेशका लागि अधिकतम उमेर सीमा बढाएको छ । जसमा समूह 'ए' पदमा भर्नाका लागि अधिकतम उमेर सीमा ४१ वर्ष तोकिएको छ । यस्तै समूह 'बी' पदका लागि यो सीमा बढाएर ४४ वर्ष पुर्याइएको छ भने समूह 'सी' र 'डी' पदका लागि अधिकतम उमेर सीमा अब ४५ वर्ष कायम गरिएको छ । यसैबीच सरकारले जहा अधिकतम उमेर सीमा पहिले नै लागू छ, त्यहाँ वर्तमान नियमहरू जारी रहने बताएको छ। महत्वपूर्ण कुरा के छ भने, गैर-लोक सेवा आयोग भर्तीहरू - जसमा राज्य उपक्रमहरू, सरकारी कम्पनीहरू र स्थानीय स्वशासित निकायहरू समावेश छन् - को लागि माथिल्लो उमेर सीमा पनि 45 वर्ष हुनेछ। यो निर्णय आधिकारिक रूपमा ११ मे २०२६ देखि लागू हुनेछ।

## (सीआईडी)

राज्यको अपराध अन्वेषण विभाग (सीआईडी) ले 2021 को पश्चिम बंगाल विधानसभा चुनाउपछि भएको हिंसासँग सम्बन्धित मुद्दाहरूमा नयाँ कारबाही शुरु गरेको छ। सीआईडी अधिकारीहरू अनुसार, अहिलेसम्म 458 नयाँ अनुसन्धान शुरु गरिएको छ र 181 नयाँ एफआईआर दर्ता गरिएको छ भने 59 मुद्दाहरू पुन: खोलिएको छ। सीआईडीका एक वरिष्ठ अधिकारीका अनुसार, चुनाउपछिको हिंसाको बारेमा प्राप्त सिकायतहरूको आधारमा कानूनी कारबाही भइरहेको छ।

## GTA

Gorkhaland Territorial Administration (GTA) ले आज एक आदेश जारी गर्दै विभिन्न कार्यालयहरूमा पुनः रोजगारी वा सेवा विस्तारमा रहेका रिटायर्ड कर्मचारीहरूको नियुक्ति तत्काल प्रभावले समाप्त गरेको छ।

**GTA सचिवालय, लालकोठी, दार्जिलिङबाट जारी आदेश अनुसार, ६० वर्ष उमेर पार गरेका र पुन: नियुक्त भएका अधिकारी तथा कर्मचारीहरूको सेवा समाप्त गर्ने निर्णय गरिएको हो। यो आदेश पश्चिम बंगाल सरकारको Home & Hill Affairs Department बाट आएको हालैको निर्देशनसँग मेल खाने गरी जारी गरिएको हो। समाप्त गरिएका पदहरूमा Executive Engineer (Kalimpong, Algarah, Bijanbari, Darjeeling Engineering Divisions), Assistant Engineers, Program Manager (Information & Cultural Affairs Department), Upper Division Clerks (UDCs), Head Clerk (PHE Department, Kalimpong), तथा Tourism Department In-charge (Mirik) लगायतका पदहरू समावेश छन्। GTA सचिवालयले जारी गरेको आदेशमा रिटायर्ड कर्मचारीहरूको पुनः रोजगारी वा सेवा विस्तार सम्बन्धी नियुक्तिहरू तत्काल प्रभावले समाप्त गरिएको जनाएको छ।यस निर्णयले GTA भित्र प्रशासनिक पुनर्संरचना र नयाँ नियुक्ति प्रक्रियामा गति ल्याउने अपेक्षा गरिएको छ।**

## पुलिस अधिक्षक

पश्चिम बङ्गाल सरकार परिबर्तन सँगसँगै राज्यको सीमाबर्ती क्षेत्रलाई सुदृढ र सुव्यवस्थित बनाउन मुख्यमन्त्रीको आदेश अनुसार आज दार्जीलिङ जिल्ला पुलिस अधिक्षक प्रतिक्षा झारखरियाको नेतृत्वमा सबै सरकारी निकाय, सेनाका अधिकारीहरुलाई लिएर एक समिक्षा बैठकको आयोजना गरियो। पहिलोपटक भएको यस बैठकको उद्देश्य विशेष नेपाल भारत सीमा क्षेत्रमा भईरहेको तस्करी, देहव्यापार, अवैध कारोबार, नशालु पदार्थको कारोबार, सीमा सुरक्षा अनि अन्य विषयमा

व्यापक छलफल साथै जानकारी एकत्र गर्न रहेको थियो। मुख्यमन्त्रीको आदेश बमोजिम प्रत्येक दुई महिनाको अवधिमा गरिने यस प्रकारको आदान प्रदान बैठकले सबै सरकारी साथै गैरसरकारी निकायहरुको जानकारी अनुरूप सीमा क्षेत्रमा भईरहने अवैध कारोबार साथै घुसपेठ रोकथाम गर्न भरपुर मद्दत मिल्ने दार्जीलिङ पुलिस अधिक्षकले बताउनु भयो भने भारत नेपाल सीमा क्षेत्रमा अबउसो अवैध कार्यहरू भएको पाईएमा कडा कानुनी कारबाही गरिने उहाले बताउनु भयो

बाइट

**kpg**

नयाँ सरकार गठन भएपछि जनसरोकारको योजना र सरकारको नीति तथा सहुलियत जन जन सम्म पुर्याउन सबसे दुर सबसे पहले पहल आरम्भ गरिएको छ। यता कालेबुङ जिल्लामा पनि पहिलो चरणमा सुदुर्वर्ती ग्राम पञ्चायतहरूमा पहल आरम्भ गरिएको जिल्ला प्रशासनद्वारा जनाइएको छ।

**एलबी राई**

हिल्स तृणमूल कंग्रेस चेयरम्यान एलबी राई लगायत पार्टीका अन्य सबै शीर्ष नेतृत्वहरूलाई सामूहिक रूपमा पद अनि पार्टीबाट राजीनामा दिएका छन्। तिनीहरूले राजीनामापत्र हिल्स तृणमूल कंग्रेस जिल्ला अध्यक्ष शान्ता छेत्रीलाई पठाएको जानकारी प्राप्त भएको छ।

**तृणमूल-नेता-गिरफ्तारी**

कूचबिहारमा तृणमूलका एक प्रभावशाली नेताको पक्राउले राजनीतिक हलचल मच्चिएको छ। जानकारी अनुसार तृणमूल कांग्रेसका कूचबिहार बी ब्लकका अध्यक्ष अब्दुल कादेरलाई पुलिसले आज बिहान पक्राउ गरेको छ । आरोपीलाई दिउँसो पक्राउ गरिएको तथा थप कारवाही सुरु गरेको पुलिसले जनाएको छ ।

**मौसम**

उत्तर बंगालका केहि जिल्लाहरुमा अचानक आएको मौसम परिवर्तन सगै विभागले प्रशासनलाई सतर्क रहन र सावधानी अपनाउन सुझाव दिएको छ । मौसम विभागका अनुसार कूचबिहार, अलीपुरद्वार, जलपाईगुड़ी अनि दक्षिण दिनाजपुर जिलामा ऑरेंज अलर्ट जारी गरिएको छ । यस जिल्लाहरुमा मेघ गर्जनको साथमा हल्कादेखि मध्यम बर्षा हुन्सक्ने विभागले जनाएको छ। यो अवधिमा ४० देखि ५० किलोमिटर प्रतिघण्टाको गतिमा हावा चल्ने सम्भावना छ । यसको साथमा दार्जीलिङ जिल्ला, कालिम्पोङ जिल्ला र उत्तरी दिनाजपुर जिल्लाका केही भागहरूमा पनि येलो अलर्ट जारी गरिएको छ।

**********